# बैठक नं. ९

आज मिति २०७७ माघ २१ गते बुधवार दिनको १:३० बजे गोदावरी नगरपालिकाका नगरप्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

| | | |
|---|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख | |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख | |
| सदस्य - श्री हरिहर कार्की | वडाध्यक्ष वडा नं. १ | |
| सदस्य - श्री देवेन्द्र कुमार बस्नेत | वडाध्यक्ष वडा नं. २ | |
| सदस्य - श्री बालमुकुन्द घिमिरे | वडाध्यक्ष वडा नं. ३ | |
| सदस्य - श्री मुकुन्द बहादुर पहरी | वडाध्यक्ष वडा नं. ४ | |
| सदस्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ | |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ | |
| सदस्य - श्री गिरि प्रसाद तिमिल्सिना | वडाध्यक्ष वडा नं. ७ | |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ | |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ | |
| सदस्य - श्री दर्शन कुमार बिष्ट | वडाध्यक्ष वडा नं. १० | |
| सदस्य - श्री निल बहादुर देशार | वडाध्यक्ष वडा नं. ११ | |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ | |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ | |
| सदस्य - श्री जगनाथ महर्जन | वडाध्यक्ष वडा नं. १४ | |
| सदस्य - श्री सीता तिमिल्सिना | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री बिन्दु तामाङ | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मीठु परियार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मैया के.सी. (खत्री) | कार्यपालिका सदस्य | |
| सदस्य - श्री मोहनबहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य - श्री सरोज दनुवार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री लक्ष्मी बहादुर नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य सचिव - श्री वीरेन्द्रदेव भारती | प्रमुख प्रशासकीय अधिकृत | |

**एजेण्डाः**

१. हिउँदे अधिवेशन/आठौं नगरसभा सम्बन्धमा ।

२. विविध ।

**निर्णय नं. १ हिउँदे अधिवेशन/आठौं नगरसभा सम्बन्धमाः** छलफल हुँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम प्रत्येक पालिकाहरूले कम्तीमा वर्षको दुई पटक सभा सञ्चालन गर्नुपर्ने व्यवस्था बमोजिम यस गोदावरी नगरपालिकाको चालु आर्थिक वर्ष २०७७/०७८ को हिउँदे अधिवेशन एवं आठौं नगरसभा आगामी मिति २०७७ माघ २३ गते सम्पन्न गर्ने भनी अघिल्लो कार्यपालिका बैठक बाटै निर्णय भएकोले तपसिलमा उल्लेखित हालसम्मको आय-व्यय विवरण एवं निर्णयहरू अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

१.१. आय-व्यव विवरण ँचक ब्अयगलत क्भअतष्यल

१.२. गोदावरी नगरपालिकाको सातौं नगरसभा, आर्थिक वर्ष २०७७/०७८ को पारित बजेट, योजना तथा कार्यक्रमहरू सञ्चालन एवं कार्यान्वयन गर्ने क्रममा बिभिन्न परिस्थिति, कठिनाई, अवरोधका कारण संशोधन, परिमार्जन एवं रकमान्तर समेत गरी सञ्चालन गर्नुपर्ने अवस्था बमोजिम नगरस्तरीय योजना र वडास्तरीय योजना तथा कार्यक्रमहरूसम्बन्धित विषयगत शाखा एवं वडाकार्यालयहरूबाट सिफारिस भई आएका देहायका योजना एवं कार्यक्रमहरूलाई आठौं नगरसभाबाट संशोधन सहित रकमान्तर गरी सञ्चालन एवं कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

**तपसिलः**

**संशोधनका लागि प्रस्तावित योजनाहरू**

| **नगरस्तरीय योजना तथा कार्यक्रमहरू** | | | | |
|---|---|---|---|---|
| **क्र.सं.** | **साविकको योजना** | **विनियोजित बजेट** | **संशोधित योजना** | **विनियोजित बजेट** |
| १ | क्र.सं. १७४ लागत सहभागिता म्याचिङ फण्ड अन्तर्गत प्रदेश समपुरक कार्यक्रम | रू.२,००,००,०००/- | क्र.सं. ६ मर्मत सम्भार खर्च उपशीर्षकमा १ करोड थप | रू.१,००,००,०००/- |
| | | | लागत सहभागिता कार्यक्रम | रू.१,००,००,०००/- |
| २ | क्र.सं. १२९ १२ नं. वडाकार्यालय पछाडी किड्नी अस्पताल निर्माण | रू.२५,००,०००/- | वडा नं. १२ बुद्धपोखरी पाटी निर्माण र क्र.सं. १८४ खानेपानी आयोजना वडा नं. १२ बाट ५ लाख थप सहित | रू.२०,००,०००/- |
| | | | क्र.सं. १०८ ठेचो हेल्थपोष्ट निर्माण निरन्तरता उपशीर्षकमा रू.५ लाख थप | रू.१५,००,०००/- |
| | | | वडा नं. १२ घाट निर्माण | रू.५,००,०००/- |
| ३ | क्र.सं. २४२ वडा नं. ७ देवीचौर भ्यूटावर निर्माण निरन्तरता | रू.१,१०,००,०००/- | देवीचौर भ्यूटावर निर्माण निरन्तरता | रू.८०,००,०००/- |
| | | | जौबारी देउराली सडक | रू.३०,००,०००/- |

| | | | | |
|---|---|---|---|---|
| | | | निर्माण | |
| ४ | क्र.सं. २२ सामुदायिक पुस्तकालय सञ्चालन | रू.१०,००,०००/- | वडा नं. ४ गोदावरी सामुदायिक पुस्तकालय भवन निर्माण निरन्तरता | रू.१०,००,०००/- |
| ५ | क्र.सं. १८१ महादेवखोला ड्याम निर्माण | रू.१,००,००,०००/- | महादेवखोला ड्याम निर्माण | रू.८३,००,०००/- |
| | | | महादेवखोला ड्याम मुहान संरक्षणको लागि कुलो निर्माण कार्य | रू.१७,००,०००/- |
| ६ | क्र.सं. १८४ खानेपानी आयोजना वडा नं. १२ | रू.२०,००,०००/- | वडास्तरीय वडा नं. १२ क्र.सं. ३१ पाचोदेखि पिंगलसम्म ढुङ्गा बिछयाउने रू.६ लाख उपशीर्षकमा रू.५ लाख थप सहित ११ लाख कायम | रू.५,००,०००/- |
| | | | नवदुर्गा धिमे बाजा खरिद तथा तालिम | रू.३,००,०००/- |
| | | | वडा नं. १२ सिद्धिबिनायक भजन मण्डल | रू.२,००,०००/- |
| | | | गोदावरी साहित्य परिषद् | रू.३,००,०००/- |
| | | | साँस्कृतिक बाजा संरक्षण समिति वडा नं. १२ ठेचोलाई बाजा संरक्षण लगायतको कार्यक्रम | रू.२,००,०००/- |
| | | | रू. ५ लाख वडा नं. १२ बुद्धपोखरी पाटी निर्माण उपशीर्षकमा थप | |
| ७ | क्र.सं. २२२ वडा नं. १० गोदावरी रंगशाला निर्माण | रू.१,००,००,०००/- | वडा नं. १० गोदावरी रंगशाला निर्माण | रू.८५,००,०००/- |
| | | | विविध उपशीर्षकमा थप | रू.१५,०००,०००/- |
| ८ | क्र.सं. ४८ विभिन्न वडामा नापी सर्भे कार्यक्रम | रू.१०,००,०००/- | वडा नं. १० स्थित चारघरे बाटो स्तरोन्नती | रू.१०,००,०००/- |
| ९ | क्र.सं. ९९विपद व्यवस्थापन | रू.३,००,००,०००/- | विपद व्यवस्थापन | रू.२,६५,००,०००/- |
| | | | बज्रावाराही चापागाउँ | रू.३५,००,०००/- |

| | | | | |
|---|---|---|---|---|
| | | | अस्पतालमा आइसोलेशन निर्माणको लागि अस्पताल भवन तल्ला थप सहित ट्रस्ट निर्माण | |
| १० | क्र.सं. २०७देउराली गुम्वा निर्माण | रू.१०,००,०००/- | क्र.सं. २०७देउराली गुम्वा निर्माण रू.१० लाखमा क्र.सं. २४६ साङ्गे कुसुम छोलिङ गुम्बा पुनर्निर्माण शीर्षकको रू.५ लाख थप सहित देउराली गुम्बा निर्माणरू.१५,००,०००/- | रू.१५,००,०००/- |
| ११ | क्र.सं. १७वडा नं. ६ शिखर्पा महिला भवन मर्मत | रू.४,००,०००/- | पँधेरो संरक्षणको लागि पर्खाल निर्माण | रू.४,००,०००/- |
| १२ | क्र.सं. २२४ वडा नं. ११ नयाँ नगरपालिका भवन पछाडी युवा ब्याटमिन्टन कोर्ट निर्माण | रू.४,००,०००/- | वडा नं. ११ नयाँ नगरपालिका भवन सँगै चौतारा निर्माण | रू.४,००,०००/- |
| १३ | क्र.सं. २३१ वडा नं. ३ गोदावरी बसपार्कमा सटर/पसल कवल निर्माण | रू.७५,००,०००/- | खानेपानी ट्याङ्की निर्माण | रू.५०,००,०००/- |
| | | | खहरे शिव मन्दिर निर्माण | रू.२०,००,०००/- |
| | | | मोवाइल घुम्ती ठेलागाडा वितरण | रू.४,००,०००/- |
| | | | मेयरकप फुटबल प्रतियोगितामा सहभागि खेलाडी टिमहरूको लागि | रू.१,००,०००/- |
| १४ | क्र.सं. २३० वडा नं. २ साविक ४ पाल्लेछाप ब्याटमिन्टन तथा बाँस्केटबल कोर्ट निर्माण | रू.४,००,०००/- | वडा नं. २ साविक पाल्लेछाप ब्याटमिन्टन तथा बाँस्केटबल कोर्ट निर्माण र बाटो स्तरोन्नती | रू.४,००,०००/- |
| १५ | क्र.सं. ११२ न्यौपानेगाउँ सामुदायिक भवन निर्माण | रू.५,००,०००/- | न्यौपाने कुलायन मन्दिर ट्रष्ट निर्माण तथा तारबार | रू.५,००,०००/- |
| १६ | क्र.सं. १५३ | रू.१०,००,०००/- | नङग्रा पुल जोड्ने ओरालो | रू.१०,००,०००/- |

| | | | | |
|---|---|---|---|---|
| | चिसापानी हुँदै दनुवारगाउँ जाने सडक निर्माण | | ढलान तथा ड्रेन निर्माण | |
| १७ | क.सं. २४९ वडा नं. ४ किरियापुत्री भवन निर्माण | रू.५,००,०००/- | वडा नं. ४ थापागाउँमा सामुदायिक ट्रस्ट निर्माण | रू.५,००,०००/- |
| १८ | क.सं. २४३ वडा नं. ९ छम्पीघाट निर्माण | रू.१०,००,०००/- | बालकुमारी मन्दिर निर्माण | रू.१०,००,०००/- |
| १९ | क.सं. १२० वडा नं. १० को विष्टगाउँमा महिला भवन निर्माण | रू.५,००,०००/- | बिष्टगाउँमा महिला भवन निर्माणको लागि जग्गा सम्याउने तथा रिटेनिङ्ग वाल निर्माण | रू.५,००,०००/- |
| २० | क.सं. १८३ खानेपानी आयोजना वडा नं. १ | रू.२०,००,०००/- | गोदारगाउँ गणेश मन्दिर बाटो स्तरोन्नती | रू.२०,००,०००/- |
| २१ | क.सं. ११७ महिला सुरक्षित आवासगृह निर्माण | रू.१,००,००,०००/- | क.सं. ११७ महिला सुरक्षित आवासगृह निर्माण | रू.८५,००,०००/- |
| | | | नगरस्तरीय बजेट संकेत नं. ४४ क.सं. १६७ :तए तीनदोबाटो देउराली भ्यूटावर सडक उपशीर्षकमा रू.१५ लाख थप गरी कूल रू.६५ लाख कायम | रू.६५,००,०००/- |
| २२ | क.सं. १७७वडा नं. ६ पम्पको बाटो सडक बिस्तार | रू.१०,००,०००/- | क.सं. २०३ टिकाभैरव ब्याटमिन्टन कोर्ट निर्माण रू.५ लाखमा थप | रू.२३,००,०००/- |
| २३ | क.सं. १९२ वडा नं. ६ फैडोल कुवा संरक्षण | रू.४,००,०००/- | | |
| २४ | क.सं. १८७खानेपानी आयोजना वडा नं. ६ रू.३० लाख बाट रू.४ लाख | रू.४,००,०००/- | | |
| २५ | क.सं. २३ बैकल्पिक झोला तथा कागजको ग्लास बनाउने | रू.३०,००,०००/- | महिला सिप विकास तालिम अन्तर्गत (फेसन डिजाइन/झोला बनाउने | रू.३०,००,०००/- |

| | | | | |
|---|---|---|---|---|
| | तालीम तथा आवश्यक सामग्री मेशिन लगायत | | तालिम/ब्यूटी पार्लर तालिम/कम्प्युटर तालिम/कुशन तथा डल बनाउने तालिम/ साबुन, अचार बनाउने तालिम/ बाजा गाजा खरिद/बजाउन सिकाउने तथा नेवारी पोशाक बनाउने तालिम लगायत | |
| २६ | क्र.सं. ४५ महिलाले उत्पादित हस्तकला तथा सामग्री प्रदर्शनशाला | रू.१०,००,०००/- | गोदावरी उद्योग वाणिज्य संघको सहकार्यमा महिला उद्यमी विकास कार्यक्रम | रू.१०,००,०००/- |
| २७ | क्र.सं. १४२ महिला रोजगार सृजना हुने व्यवसायका लागी मेशिन तथा सामग्री वितरण | रू.१०,००,०००/- | महिला रोजगार सृजना हुने व्यवसायका लागि समग्री | रू.५,००,०००/- |
| | | | उद्घोषण तथा क्षमता विकास तालिम | रू.५,००,०००/- |
| २८ | क्र.सं. ५० हिंसा पिडित महिलाहरू तथा विपन्न एकल महिलाको लागि लागी पुनस्थपना तथा व्यवस्थापन | रू.१०,००,०००/- | अति बिपन्न महिलाका लागि व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन कार्यक्रम | रू.१०,००,०००/- |
| २९ | क्र.सं. २१ अपाङ्गता भएका तथा पिछडिएका वालवालिकाहरूको लागि शैक्षिक तथा खेलकुद सामाग्री वितरण | रू.४,००,०००/- | अपाङ्गता भएका तथा पिछडिएका बालबालिकाहरूको लागि शैक्षिक तथा खेलकुद सामाग्री/पोशाक वितरण | रू.४,००,०००/- |
| ३० | क्र.सं. १२५ वडा नं. ३ श्री नमुना महिला विकास संस्थाको भवन/ट्रष्ट व्यवस्थापन | रू.७,००,०००/- | न.पा भित्र आवश्यक वडाहरूमा कृषि बिउ बिजन खरिद तथा बितरण, टनेल निर्माण एवं तरकारी तथा फलफुल खेती | रू.७,००,०००/- |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यक्रम लगायत कृषि कार्यक्रमहरू सञ्चालन | |
| ३१ | क्र.सं. ४६ महिलाहरूका हक अधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रम | रू.५,००,०००/- | क्रिष्टल/मोतीको माला तथा गर-गहना बनाउने तालिम | रू.१,७५,०००/- |
| | | | स्तनपान कक्षको लागि हेरचाह गर्ने व्यक्तिको व्यवस्थापन | रू.१,००,०००/- |
| | | | दलित महिलाहरूका लागि शिपमूलक तालिम | रू.१,२५,०००/- |
| | | | साँस्कृतिक बाजा खरिद तथा व्यवस्थापन | रू.१,००,०००/- |
| ३२ | क्र.सं. ३१ किशोरीहरूका लागि आत्मरक्षा तालीम तथा आवश्यक तालीमका सामग्री (म्याट लगायत) | रू.८,००,०००/- | किशोरीहरूका लागि आत्मरक्षा तालीम तथा आवश्यक तालीमका सामग्री (म्याट लगायत) | रू.५,००,०००/- |
| | | | महिलाहरूका लागि कृषि तथा शिपमूलक कार्यक्रम/तालिम लगायत | रू.३,००,०००/- |
| ३३ | क्र.सं. ४४ महिला कृषि व्यवसाय प्रवर्दधन (टनेल/तरकारी खेती तालिमका लागि आवश्यक सामग्री व्यवस्थापन अनुदान लगायत) | रू.१५,००,०००/- | महिला कृषि व्यवसाय प्रवर्द्धन (टनेल/तरकारी खेती तालिमका लागि आवश्यक सामग्री व्यवस्थापन अनुदान तथा शीपमूलक तालिम लगायत) | रू.१०,५०,०००/- |
| | | | लैङ्गिक हिंसा निवारण सम्बन्धी २ दिने तालिम | रू.१,००,०००/- |
| | | | महिला सिपमूलक कार्यक्रम | रू.३,५०,०००/- |
| ३४ | क्र.सं. २७ हाउस वायरिङ तालिम | रू.४,००,०००/- | वडा नं. ३ महिला भवन निर्माण | रू.४,००,०००/- |
| ३५ | क्र.सं. २३ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | रू.१,००,००,०००/- | क्र.सं. २१ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च उपशीर्षमा रू.१५ लाख थप सहित | रू.६५,००,०००/- |

| | | | | |
|---|---|---|---|---|
| | | | क्र.सं. ५ कर्मचारीको बैठक भत्ता उपशीर्षमा रू.१० लाख थप सहित | रू.२५,००,०००/- |
| ३६ | क्र.सं. १०१ भैपरी आउने चालु खर्च | रू.१४,३७,२९०/- | क्र.सं. ९८ दीर्घ रोगी उपचार आर्थिक सहायता उपशीर्षक रू.५ लाख थप | रू.३०,००,०००/- |
| ३७ | क्र.सं. २४ महिला उद्यमशील विकास तालीम | रू.५,००,०००/- | महिला उद्यम (बेतबाँस तथा टनेल) निर्माणको सामग्री खरिद | रू.५,००,०००/- |
| | | **शिक्षा शाखा** | | |
| १ | क्र.सं. ७कर्मचारी क्षमता विकास तथा आधारभुत तहका शिक्षकहरूको पेशागत क्षमता विकासको लागी कम्प्युटर तालिम | रू.४,००,०००/- | राजिनामा दिने शिक्षक/ शिक्षिका सुविधा (गोल्डेन ह्याण्डसेक) कार्यक्रम | रू.४५,६६,०००/- |
| २ | क्र.सं. ९९ल्भित्व सँगको सम्झौतामा अंग्रेजी शिक्षक तालिम ( आधारभुत तह) | रू.८,००,०००/- | | |
| ३ | क्र.सं. ११ आधारभुत तहका विद्यालयहरूमा इन्टरनेट व्यबस्थापन (प्रति विद्यालय १२,०००) | रू.२,१६,०००/- | | |
| ४ | क्र.सं. १४ युवा तथा खेलकुद कायक्रम | रू.३,००,०००/- | | |
| ५ | क्र.सं. २३ कक्षा १ मा २५ जना भन्दा बढी विद्यार्थी भर्ना गराई अन्तिम परिक्षामा समेत सहभागी गराउने विद्यालयलाई प्रोत्साहन अनुदान ( प्रति विद्यालय २० | रू.३,००,०००/- | | |

| | | | | |
|---|---|---|---|---|
| | हजारका दरले) | | | |
| ६ | क.सं. २४ प्राविधिक तथा उच्च शिक्षामा दलित छात्रवृति | रू.४,००,०००/- | | |
| ७ | क.सं. २५ आधारभुत तहका १८ विद्यालयहरूलाई कम्प्युटर व्यबस्थापन | रू.९,००,०००/- | | |
| ८ | क.सं. २६ प्रश्नपत्र छपाई मेशिन खरिद | रू.६,००,०००/- | | |
| ९ | क.सं. १८ शिक्षक कर्मचारी आकस्मिक कोष (कार्यविधि अनुसार) | रू.५,००,०००/- | शिक्षक कर्मचारी आकस्मिक कोष (कार्यविधि अनुसार) | रू.५०,०००/- |
| १० | क.सं. १६ शैक्षिक डायरी निर्माण | रू.७,००,०००/- | शैक्षिक डायरी निर्माण | रू.५,००,०००/- |
| ११ | क.सं. ८ ऋत्म्ब्ल्सञ्चालन अनुदान | रू.५,००,०००/- | वडा नं. १४ स्थित फुल्चोकी माध्यमिक विद्यलायमा ऋत्म्ब्ल्सञ्चालन अनुदान | रू.५,००,०००/- |
| १२ | क.सं. २ प्रधानध्यापकहरूको बैठक (मासिक रूपमा) | रू.१,५०,०००/- | शैक्षिक क्यालेण्डर तयारी/विकास/निर्माण तथा छपाई | रू.१,५०,०००/- |
| **वडास्तरीय योजना तथा कार्यक्रमहरू** | | | | |
| **वडा नं. १** | | | | |
| **क.सं.** | **साविकको योजना** | **विनियोजित बजेट** | **संशोधित योजना** | **विनियोजित बजेट** |
| १ | क.सं. १२ बाखा पालन कृषकहरूलाई बाखा वितरण कार्यक्रम | रू.५,००,०००/- | दिपिलपको घर हुँदै बाहुनको पसलसम्मको बाटो स्तरोन्नती | रू.५,००,०००/- |
| २ | क.सं. १३ काट्जा हाउस अनमोल दोबाटो बाटो स्तरउन्नती | रू.३,००,०००/- | गोदावरी खोला पुल संरक्षण/मर्मत | रू.३,००,०००/- |
| ३ | क.सं. १८ रामेको घर मुनिको बाटो ढलान | रू.३,००,०००/- | रामेको घर मुनीबाट धमिलोखोला जोड्ने बाटो स्तरोन्नती | रू.३,००,०००/- |

| | | | | |
|---|---|---|---|---|
| ४ | क्र.सं. २३ साविक गोदामचौर ८ भित्री बाटो स्तरउन्नती | रू.४,००,०००/- | खानेपानी ट्याङ्की मर्मत तथा मंगाल निर्माण | रू.४,००,०००/- |
| ५ | क्र.सं. ३३ सिममा पँधेरो संरक्षण | रू.२,००,०००/- | सिमको बाटो स्तरोन्नती | रू.२,००,०००/- |
| ६ | क्र.सं. ३० गोदामचौर खेलमैदान निर्माण | रू.४,००,०००/- | काट्जा हाउस सँगैको उकालो बाटो स्तरोन्नती | रू.४,००,०००/- |
| ७ | क्र.सं. ३१ पिपलचौर खेलमैदान निर्माण | रू.३,००,०००/- | सुमनको घर अगाडि बाटोमा पर्लाल लगाई स्तरोन्नती गर्ने | रू.३,००,०००/- |
| **वडा नं. २** | | | | |
| **क्र.सं.** | **साविकको योजना** | **विनियोजित बजेट** | **संशोधित योजना** | **विनियोजित बजेट** |
| १ | क्र.सं. १५ कृषि टयाक्टर खरिद वितरण | रू.३,००,०००/- | क्र.सं. १६ बेमौसमी तरकारी खेती टनेल निर्माण (महिला तर्फ)मा थप सहित | रू.४,००,०००/- |
| २ | क्र.सं. १ किटाचौर देखी ठाडो खोलासम्म जाने बाटो मर्मत गर्ने | रू.७,००,०००/- | नगरस्तरीय क्र.सं. २४८ को वडा नं. २ ठाडखोला बाटो स्तरोन्नती उपशीर्षकको रू.५ लाख थप सहित किटाचौर देखी ठाडो खोलासम्म जाने बाटो मर्मत गर्ने उपशीर्षकमा रू.१२ लाख | रू.१२,००,०००/- |
| **वडा नं. ३** | | | | |
| **क्र.सं.** | **साविकको योजना** | **विनियोजित बजेट** | **संशोधित योजना** | **विनियोजित बजेट** |
| १ | क्र.सं. ३ मर्मत सम्भार तथा विपद व्यवस्थापन | रू.६,००,०००/- | टौखेल नयाँ बस्तीमा बाटो स्तरोन्नती | रू.६,००,०००/- |
| २ | क्र.सं. १४ कच्ची बाटोहरूमा ग्राभेल | रू.४,००,०००/- | जनप्रतिनिधि तथा कर्मचारीहरूको अवलोकन भ्रमण | रू.२,००,०००/- |
| | | | टौखेल नयाँ बस्तीमा बाटो स्तरउन्नती | रू.२,००,०००/- |
| ३ | क्र.सं. ३२ लप्सी गहिरो ककारोमा देवीको मन्दीर निर्माण | रू.३,००,०००/- | लप्सी गहिरो ककारोमा देवीको मन्दीर ट्रष्ट मर्मत सम्भार | रू.३,००,०००/- |
| | | | | |
| **वडा नं. ४** | | | | |
| **क्र.सं.** | **साविकको योजना** | **विनियोजित बजेट** | **संशोधित योजना** | **विनियोजित बजेट** |
| १ | क्र.सं. १५ सामुदायिक | रू.४,००,०००/- | सामुदायिक औषधालयको लागि औषधी खरिद | रू.२,००,०००/- |

<table>
<tr><td>१</td><td>औषधालयको लागि औषधी खरिद</td><td></td><td>महिला स्वास्थ्य स्वयंसेविका अध्ययन अवलोकन भ्रमण</td><td>रू.२,००,०००/-</td></tr>
<tr><td>२</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="5">वडा नं. ५</td></tr>
<tr><td>क्र.सं.</td><td>साविकको योजना</td><td>विनियोजित बजेट</td><td>संशोधित योजना</td><td>विनियोजित बजेट</td></tr>
<tr><td>१</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td colspan="5">वडा नं. ६</td></tr>
<tr><td>क्र.सं.</td><td>साविकको योजना</td><td>विनियोजित बजेट</td><td>संशोधित योजना</td><td>विनियोजित बजेट</td></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">क्र.सं. १७बासुकी खानेपानी आयोजना ( शिखर्पा) मर्मत तथा सुधार</td><td rowspan="2">रू.१२,००,०००/-</td><td>क्र.सं. ३ मर्मत सम्भार तथा विपद व्यवस्थापन उपशीर्षमा थप ४ लाख</td><td>रू.४,००,०००/-</td></tr>
<tr><td>काफलडाँडा खानेपानी योजना</td><td>रू.८,००,०००/-</td></tr>
<tr><td rowspan="7">२</td><td>क्र.सं. १० छाप मन्दीर निर्माण</td><td>रू.१,००,०००/-</td><td>वडा नं. ६ वडाकार्यालय मर्मत सम्भार तथा सतरोन्नती</td><td>रू.३,००,०००/-</td></tr>
<tr><td>क्र.सं. ११ रानागाउँ शक्ती अम भवन निर्माण</td><td>रू.७,००,०००/-</td><td rowspan="2">स्वास्थ्य भवन निर्माण निरन्तरता</td><td rowspan="2">रू.१५,००,०००/-</td></tr>
<tr><td>क्र.सं. १८ काफलडाँडा चर्च निर्माण</td><td>रू.१,००,०००/-</td></tr>
<tr><td>क्र.सं. २१ गैरीगाउँ गुम्बा निर्माण</td><td>रू.५,००,०००/-</td><td rowspan="2">कालीटार सडक वाल निर्माण</td><td rowspan="2">रू.६,००,०००/-</td></tr>
<tr><td>क्र.सं. २४ थोत्रेपाटी पार्क निर्माण</td><td>रू.१,००,०००/-</td></tr>
<tr><td>क्र.सं. २६ फुटबल ग्राउन्ड निर्माण</td><td>रू.८,००,०००/-</td><td rowspan="2">लप्से कोटडाँडा सडक स्तरोन्नती</td><td rowspan="2">रू.२,००,०००/-</td></tr>
<tr><td>क्र.सं. ३२ शिखर्पा नगरकोटी चिहानघाट निर्माण</td><td>रू.३,००,०००/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td>रू.२६,००,०००</td><td>जम्मा</td><td>रू.२६,००,०००</td></tr>
<tr><td colspan="5">वडा नं. ७</td></tr>
<tr><td>क्र.सं.</td><td>साविकको योजना</td><td>विनियोजित बजेट</td><td>संशोधित योजना</td><td>विनियोजित बजेट</td></tr>
<tr><td>१</td><td>क्र.सं. १८ बाबियागाउँ चिहानपाटी तथा चिहान जाने बाटो निर्माण</td><td>रू.२,००,०००/-</td><td>बाबियागाउँ चिहान जाने सडक निर्माण</td><td>रू.२,००,०००/-</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २ | क.सं. ८ एकल महिला, महिला समूह तथा कृषि सहकारीहरूलाई आयमूलक कार्यक्रमको लागि कोदो खरिद तथा वितरण अनुदान कार्यक्रम | रू.३,००,०००/- | एकल महिलाहरूलाई आयमूलक कार्यक्रमको लागि कुखुरा खरिद तथा वितरण कार्यक्रम | रू.३,००,०००/- |
| ३ | क.सं. १५ तिनदोबाटोदेखी चुत्रेडाँडासम्म सडक ग्राभेल तथा स्तरउन्नती | रू.२,००,०००/- | क.सं. २१ मोतीडाँडा हुँदै माथिल्लो तिनदोबाटोसम्म सडक स्तरउन्नती मा थप सहित | रू.४,००,०००/- |
| ४ | क.सं. १६ देउराली जाने सडकदेखी कोटडाँडासम्मको सडक विस्तार | रू.२,००,०००/- | माथिल्लो तिनदोबाटो गोरेटो बाटोमा सिंढी निर्माण | रू.२,००,०००/- |
| ५ | क.सं. २० बाबियो गाउँबाट घट्टेखोला नयाँ मोटरबाटो निर्माण | रू.२,००,०००/- | सारङ्गीडाँडा तारानाथ घिमिरेको घरदेखि रामप्रसाद तिमिल्सिनाको घरसम्म मोटरबाटो निर्माण | रू.२,००,०००/- |
| ६ | क.सं. २५ लामाटोल झोलुङगेपुल हुँदै लप्से लेले जोड्ने मोटरबाटो निर्माण | रू.२,००,०००/- | सुर्यमानको घरदेखि झोलुङ्गे पुलसम्मको गोरेटो बाटोमा सिंढी निर्माण | रू.२,००,०००/- |
| ७ | क.सं. ४४तरकारी सङ्कलन केन्द्रमा तारजाली निर्माण | रू.५,००,०००/- | तरकारी संकलन केन्द्रमा पार्किङ निर्माण | रू.५,००,०००/- |
| ८ | क.सं. ४२ स्वर्गद्वारी मन्दिर निर्माण | रू.५,००,०००/- | स्वर्गद्वारी मन्दिर जाने बाटो, बत्ती तथा खानेपानी व्यवस्थापन | रू.५,००,०००/- |
| ९ | क.सं. ६ सलेन वखल्दुङ्गामा चिहानपाटी निर्माण | रू.३,००,०००/- | सारङ्गीडाँडा महिला कृषि सहकारी संस्था भवन निर्माण | रू.१३,००,०००/- |
| १० | क.सं. २९ देवीचौर घटेखोला खानेपानी निर्माण | रू.४,००,०००/- | | |
| ११ | क.सं. १ विपद व्यवस्थापन तथा मर्मत सम्भार | रू.६,००,०००/- | | |
| | | **वडा नं. ८** | | |
| **क.सं.** | **साविकको योजना** | **विनियोजित बजेट** | **संशोधित योजना** | **विनियोजित बजेट** |
| १ | क.सं. १६ डुकुछाप भुतखोलादेखी गणेश | रू.२०,००,०००/- | डुकुछाप भुतखोलादेखी गणेश मा.वि. | रू.२०,००,०००/- |

| | | | | |
|---|---|---|---|---|
| | माध्यमिक विद्यालयसम्म सडक कालो पत्रे | | भञ्ज्याङ्गसम्म पक्की ड्रेन वाल निर्माण गर्ने | |
| २ | क्र.सं. २१ अधिकारीटोल खानेपानी फिल्टर व्यवस्थापन | रू.३,००,०००/- | डुकुछाप स्वास्थ्यचौकी मर्मत | रू.४,००,०००/- |
| ३ | क्र.सं २४ डुकुछाप डिपबोरिङ तथा पाइपलाइन व्यवस्थापन | रू.१,००,०००/- | | |
| ४ | क्र.सं. २५ चण्डीदेवीदेखी दनुवारगाउँ भञ्ज्याङसम्म सिंढी निर्माण | रू.५,००,०००/- | चण्डीदेवीदेखी दनुवारगाउँ भञ्ज्याङसम्म बाटो निर्माण | रू.५,००,०००/- |
| ५ | क्र.सं. २२ खोलाखेत खानेपानी व्यवस्थापन | रू.४,००,०००/- | डुकुछाप स्वास्थ्यचौकी मर्मत | रू.८,००,०००/- |
| ६ | क्र.सं. २३ घुसिन्डोल खानेपानी व्यवस्थापन | रू.४,००,०००/- | | |
| ७ | क्र.सं. ६ कृषि तथा पशु कार्यक्रम | रू.५,००,०००/- | कृषिमा आधारित कृषि तथा पशुपंछी सूचना प्रसारण र बृत्तचित्र निर्माण | रू.५,००,०००/- |
| **वडा नं. ९** | | | | |
| **क्र.सं.** | **साविकको योजना** | **विनियोजित बजेट** | **संशोधित योजना** | **विनियोजित बजेट** |
| १ | क्र.सं. २५ बालकुमारी मन्दीर निर्माण | रू.७,००,०००/- | नगरस्तरीय क्र.सं. २४३ वडा नं. ९ छम्पी घाट निर्माण उपशीर्षकमा विनियोजित रू.१० लाख मध्येबाट रू.२ लाख ७५ हजार घटाई रू.७,२५,०००/- कायम | रू.७,२५,०००/- |
| २ | क्र.सं. १५ देउराली ट्याङकी जाने बाटो | रू.५,००,०००/- | देउराली ट्याङकी जाने बाटो उपशीर्षमा क्र.सं. १९ बसपार्क डोलदेखी सिताराम बानीयाको घर हुँदै बुरून्चुली जाने बाटो मर्मत ढलान उपशीर्षकबाट रू.२ लाख ५० हजार थप सहित | रू.७,७५,०००/- |
| ३ | क्र.सं. १९ बसपार्क डोलदेखी सिताराम बानीयाको घर हुँदै बुरून्चुली जाने बाटो मर्मत ढलान | रू.१०,००,०००/- | बसपार्क डोलदेखी सिताराम बानीयाको घर हुँदै बुरून्चुली जाने बाटो मर्मत ढलान रू.७ लाख २५ हजार मात्र | रू.७,२५,०००/- |

**वडा नं. १०**

| क.सं. | साविकको योजना | विनियोजित बजेट | संशोधित योजना | विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | क.सं. १० गोरखटोल बाटो स्तरोन्नती | रू.२,००,०००/- | टाहाखेल गोरेटो बाटोमा ब्लक छाप्ने | रू.२,००,०००/- |
| | | | | |

**वडा नं. ११**

| क.सं. | साविकको योजना | विनियोजित बजेट | संशोधित योजना | विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | क.सं.७ प्याङ्गाउँ पोखरीबाट उत्तरतर्फको बाटो स्तरउन्नती | रू.६,००,०००/- | प्याङ्गाउँ पोखरीबाट दक्षिणतर्फको बाटो स्तरउन्नती | रू.६,००,०००/- |
| २ | क.सं. ११ एकुटोल बाटो तथा चोकमा ब्लक ढुङ्गा छाप्ने | रू.५,००,०००/- | ज्योतिबिहार नयाँ भवन तल्ला थप ढलान | रू.५,००,०००/- |
| ३ | क.सं. ६ प्याङ्गाउँ चउरबाट दक्षिणतर्फको मूलसडक जोड्ने सडक कलोपत्रे | रू.५,००,०००/- | प्याङगाउँ चौरबाट दक्षिणतर्फको मूलसडक जोड्ने सडकमा ब्लक छाप्ने | रू.५,००,०००/- |
| ४ | क.सं. १६ ज्यातिविहार पछाडी पूर्वतर्फ ढल व्यवस्थापन | रू.३,००,०००/- | ज्योतिबिहार अगाडि पूर्वतर्फ ड्रेन तथा बाटो व्यवस्थापन | रू.३,००,०००/- |
| ५ | क.सं. २१ भाननीचोक आगाछैं चिवहाल चोक ब्लक र ईटा छाप्ने | रू.५,००,०००/- | भाननीचोक तथा चिवहालचोक ढुङ्गा छाप्ने | रू.५,००,०००/- |
| ६ | क.सं. १ मर्मत सम्भार तथा विपद व्यवस्थापन | रू.६,००,०००/- | वडा नं. ११ का जनप्रतिनिधि तथा कर्मचारी क्षमता अभिवृद्धि तथा विपद् व्यवस्थापन सरसफाई सम्बन्धी अध्ययन अवलोकन भ्रमण | रू.२,००,०००/- |

**वडा नं. १२**

| क.सं. | साविकको योजना | विनियोजित बजेट | संशोधित योजना | विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | क.सं. २३ खानेपानी पाइपलाइन बिस्तार माथिल्लो लाछी | रू.५,००,०००/- | वडास्तरीय मेयरकप सञ्चालन वडा नं. १२ | रू.५,००,०००/- |
| २. | क.सं. ३ मर्मत सम्भार तथा विपद व्यवस्थापन | रू.५,००,०००/- | महिला स्वास्थ्य स्वयंसेविका अध्ययन अवलोकन भ्रमण | रू.१,००,०००/- |
| | | | तेक्वान्दो डोजाङ्गको लागि सामग्री खरिद | रू.४०,०००/- |

| | | | | |
|---|---|---|---|---|
| | | | न्हेसे गुठीको काँ बाजा खरिदको लागि | रू.५०,०००/- |
| | | | सरस्वती मा.वि. शैक्षिक सामग्री खरिद | रू.६०,०००/- |
| | | | वडाब्यापी मेयरकप फुटबल प्रतियोगिताको लागि | रू.१,५०,०००/- |
| | | | भैरवेश्वर महादेव मन्दिर भजन संगित सामग्री खरिदको लागि | रू.५०,०००/- |
| | | | जनप्रतिनिधि तथा स्वास्थ्य स्वयंसेविका अध्ययन अवलोकन भ्रमणको लागि | रू.१,००,०००/- |
| | | | | |

| वडा नं. १३ | | | | |
|---|---|---|---|---|
| **क.सं.** | **साविकको योजना** | **विनियोजित बजेट** | **संशोधित योजना** | **विनियोजित बजेट** |
| १ | क.सं. १४ पोखरीटार-थापागाँउ सडक स्तरोन्नती | रू.५,००,०००/- | राजेशको पसलदेखि धन्तेभिर सडक स्तरउन्नती | रू.५,००,०००/- |
| २ | क.सं. ७रासायनिक मल अनुदान कार्यक्रम | रू.५,००,०००/- | कृषि बिउ बिजन वितरण | रू.३,००,०००/- |
| | | | महिलाहरूलाई वातावरणमैत्री झोला बनाउने तालिम | रू.२,००,०००/- |
| ३ | क.सं. २० वडा कार्यालय परिसर निर्माण तथा मर्मत | रू.६,००,०००/- | भञ्ज्याङ्ग बाडेगाउँ सडक स्तरोन्नती | रू.६,००,०००/- |

| **वडा नं. १४** | | | | |
|---|---|---|---|---|
| **क.सं.** | **साविकको योजना** | **विनियोजित बजेट** | **संशोधित योजना** | **विनियोजित बजेट** |
| १ | क.सं. २५ फुल्चोकी कलेज भवनको भर्याङ निर्माण | रू.४,००,०००/- | फुल्चोकी माध्यमिक विद्यालय भवनको भर्याङ निर्माण | रू.४,००,०००/- |
| २ | क.सं. ३२ श्री फुल्चोकी मा.वि. अगाडिको उकालो बाटो ढलान | रू.२,००,०००/- | ठैब गाउँभित्र ढुङ्गा छाप्ने कार्य | रू.२,००,०००/- |
| ३ | क.सं. १३ कृष्ण गोपालको घर अगाडीबाट हल्तीगाउँ पोखरीसम्म बाटो स्तरोन्नती | रू.४,००,०००/- | ब्याङगाउँ गणेश मन्दिरदेखि पैननीसम्म ढुङ्गा छाप्ने कार्य | रू.४,००,०००/- |
| ४ | क.सं. २९ बाडेगाउँ प्राथमिक स्वास्थ्यकेन्द्र तालीम तथा मिटिङ हल स्तरउन्नती | रू.१,००,०००/- | बाडेगाउँ प्राथमिक स्वास्थ्यकेन्द्रमा शौचालय निर्माण | रू.१,००,०००/- |

त्यसैगरी यस चालु आर्थिक वर्ष २०७७/०७८ को आन्तरिक श्रोतबाट बजेट विनियोजन गरी तपसिलमा उल्लेखित योजनाहरू सञ्चालन एवं सम्पन्न गर्ने निर्णय गरियो ।

**तपसिलः**

| क्र.सं. | योजना/परियोजनाको नाम | बजेट श्रोत | विनियोजित रकम |
|---|---|---|---|
| १ | निर्माणाधिन नगरपालिका प्रशासनिक भवन कम्पाण्ड वाल निर्माण तथा व्यवस्थापन | आन्तरिक श्रोत | १,२०,००,०००/- |
| २ | गोदावरी सामुदायिक पुस्तकालय श्रोतकेन्द्र भवन निर्माण निरन्तरता | आन्तरिक श्रोत | रू.१८,००,०००/- |
| ३ | महानगरीय प्रहरीवृत्त चापागाउँ कार्यालय भवन स्तरोन्नती | आन्तरिक श्रोत | रू.१५,००,०००/- |

१.३. स्थानीय तहका लागि नविकरणीय बैकल्पिक ऊर्जा अन्तर्गत सञ्चालन एवं कार्यान्वयनका लागि मार्गदर्शन बुँदा नं. ५नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको लागि तोकिएका नविकरणीय ऊर्जा प्रविधिहरू प्राविधकि हिसाबले सम्भाव्य नदेखिएमा कार्यपालिकाको निर्णय अनुसार प्राथमिकतामा परेका नविकरणीय ऊर्जाका प्रविधि जडान उपशीर्षकमा खर्च गर्न सकिने भनी व्यवस्था भए बमोजिमयस गोदावरी नगरपालिकाको सातौं नगरसभाबाट पारित आर्थिक वर्ष २०७७/०७८ बजेट संकेत नं. १३७ खर्च शीर्षक नं. २२५२२ क्र.सं. ८८ **बायोग्यास जडान उपशीर्षक**माविनियोजन भई आएको रकम रू.४ लाख यस नगरपालिकामासम्भाव्य देखिएको साथै आवश्यक रहेकोले **बायोमास** ९द्यष्यmबकक० **प्रविधि कार्यक्रम**सञ्चालन तथा कार्यान्वयनमा खर्च गर्ने निर्णय गरियो ।

१.४. हाल देखिएको बढ्दो अव्यवस्थित शहरीकरणका कारण नगरपालिकामा घट्दो खानेपानीको श्रोत साथै पानीको अभाव कम तथा संरक्षण गर्न प्रत्येक घरमा वातावरणमैत्री आकाशे पानी सङ्कलन ९च्बष्ल ध्बतभच ज्बचखभकतष्लन० गर्ने नीति अवलम्बन गरी सम्बन्धित आकाशे पानी सङ्कलन प्रविधि र भूजल रिचार्ज क्षेत्रमा कार्यरत संघ-संस्था कम्पनीसँग :इग गरी प्राविधिक सहयोग साथै आकासे पानी सङ्कलन प्रविधि जडान गर्ने घर परिवारलाई नगरपालिकाबाट उचित अनुदान सहयोग गर्ने निर्णय गरियो ।

१.५. आगामी सम्पन्न हुने आठौं नगरसभाबाट अनुमोदनका लागि तपसिलमा उल्लेखित नियमावली, कार्यविधि, तथा निर्देशिकाहरू पेश गर्ने निर्णय गरियो ।

**तपसिलः**

१. नगरपालिकाको स्वयंसेवका परिचालन कार्यविधि/निर्देशिका २०७७

२. नगरस्तरीय बिपद प्रतिकार्य तथा पूर्व तयारी योजना २०७७

३. नगरस्तरीय लैङ्गिक तथा समान सामाजिक समावेसी नीति २०७७

४. बिपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७७

५. व्यवसाय कर सम्बन्धी कार्यविधि २०७७

६. घर जग्गा बहाल कर व्यवस्थापन कार्यविधि २०७७

७. सहकारी नियमावली २०७७

८. खानेपानी उपभोक्ता समिति सञ्चालन कार्यविधि २०७७

९. भू-उपयोग घडेरी तथा बस्ती बिकास कार्यविधि २०७७

१०. टोल विकास संस्था गठन र कार्यविधि २०७६

११. स्थानीय लैङ्गिक हिंसा निवारण कोष सञ्चालन कार्यविधि २०७७

१२. आपतकालीन बाल उद्धार कोष स्थापना सञ्चालन कार्यविधि २०७७

**निर्णय नं. २ विविधः**

२.१. नेपाल प्राकृतिक तथा मानव श्रोत विकास संघ (नहुदा) लगनखेल, ललितपुरले विपन्न महिलाहरूको आर्थिक अवस्था एवं जीवनस्तर बृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले कूल खर्चको २५% खर्च नगरपालिकाबाट र बाँकी ७५% खर्च स्वयं संस्थाले नै व्यहोर्ने गरी नगरपालिकाबाट स्वीकृति लिई यस गोदावरी नगरपालिका अन्तर्गतका वडा नं. ५, ६ र ७ का महिलाहरूलाई तीन महिने ढाका बुनाई तालिम सञ्चालन गराउँदै आएकोमा प्रस्तावित रकमरू.८,२२,७५०/- मध्ये करिव २५% ले हुन आउने रकम रू.२,६९,०००/- बिल भरपाई एवं सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आएकोले भुक्तानी दिने निर्णय गरियो ।

२.२. यस गोदावरी नगरपालिकाक्षेत्रभित्र निर्माण हुने ठूला सेमिनार हल, सम्मेलन केन्द्र भवन, सिनेमा हल, थिएटर हल, सभा हल जस्ता भवनहरुको नक्सा दस्तुर प्रति स्क्वाएर रू.४० का दरले लिर्ने निर्णय गरियो ।

२.३. यस गोदावरी नगरपालिका नगर कार्यपालिका सदस्य एवं वडा नं. ३ वडा समिति सदस्य श्री मिठु परियारज्यू वडाकार्यालय जाने क्रममा अचानक अज्ञात मोटरसाइकलको ठक्करबाट दुर्घटनामा परी हात भाँच्चिएकोले मिडसिटी र त्यसपछि पाटन अस्पतालमा भर्ना भई करिब ३ दिन उपचार पश्चात घर फर्किएकोले निजको स्वास्थ्य लाभको कामना सहित उक्त औषधी उपचार खर्च बापतको रकम सम्बन्धित अस्पतालको बिल भरपाईको आधारमा यस गोदावरी नगरपालिकाबाट भुक्तानी दिने निर्णय गरियो ।

२.४. यस गोदावरी नगरपालिका वडा नं. ३ निवासी यसै नगरपालिका कार्यालयमा कार्यालय सहयोगीका रूपमा कार्यरत श्री कृष्ण कुमार सिल्वाल आन्द्रा सम्बन्धी गम्भीर किसिमको रोगका कारण बि.एण्ड बि. अस्पताल ग्वार्को, ललितपुरमा अचानक भर्ना भई करिब १२ दिन उपचार एवं स्वास्थ्य लाभ लिई कार्यालयमा हाजिर भएकोमा निलाई औषधी उपचार सहयोग स्वरूप सम्बन्धित अस्पतालको बिल भरपाई बमोजिम रू.१ लाख उपलब्ध गराउने निर्णय गरियो ।

२.५. **ललितपुर किक बक्सिङ्ग संघ**को आयोजनामा आगामी मिति २०७७ फागुन २७, २८ र २९ गते गोदावरी नगरपालिका वडा नं. ११ स्थित प्याङगाउँ चौरमासञ्चालन एवं सम्पन्न हुने **वीर गणेशमान सिंह स्मृति खुल्ला राष्ट्रिय किक बक्सिङ्ग प्रतियोगिता**को लागि आर्थिक वर्ष २०७७/०७८ नगरस्तरीय बजेट संकेत नं. १ खर्च शीर्षक नं. २२५२९ अन्य विविध कार्यक्रम खर्च उपशीर्षकबाट रू.५ लाख उपलब्ध गराउने निर्णय गरियो ।

२.६. ललितपुर निर्वाचन क्षेत्र नं. १ का पूर्व सांसद मिठाराम शर्मा बजगाइँको हाल मृगौला प्रत्यारोपण भइरहेकोले निजको शिघ्र स्वास्थ्यलाभको कामना सहित गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ अनुसूची-५, बजेट संकेत नं. २५३ खर्च शीर्षक नं. २७११२ क्र.सं. ९७ "दीर्घ रोगी उपचार आर्थिक सहायता" उपशीर्षकबाट रू.२,००,०००/-

२.७. गोदावरी नगरपालिका वडा नं. ६ स्थित श्री सरस्वती आधारभुत विद्यालयले जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) ललितपुरबाट प्राप्त रकमबाट कक्षाकोठा एवं भवन निर्माण कार्य भई रहेकोले १० वटा कोठा प्रति कोठा रू.२,५००/- का दरले भाडामा लिई विद्यालय पठन-पाठन गराउँदै आएको र सो भाडा बापतको एकमुष्ट रकम रू.३,००,०००/- नगरपालिकाबाट उपलब्ध गराइदिन

भनी वडाकार्यालय वडा नं. ६ बाट सिफारिस भई आएकोले आर्थिक वर्ष २०७७/०७८ नगरस्तरीय बजेट संकेत नं. १ खर्च शीर्षक नं. २२५२९ अन्य विविध कार्यक्रम खर्च उपशीर्षकबाट रू.३ लाख उपलब्ध गराउने निर्णय गरियो ।

२.८. गोदावरी नगरपालिका वडा नं. ८ डुकुछाप निवासी श्री दिनेश पाण्डेको घरमा मिति २०७७/१०/१८ गते दिउँसो १२:०० बजे अचानक ९भभिअतचष्अक्जयचत(अष्चअगष्त कउबचप० भई आगलागी भई लत्ताकपडा सहित रू.५ लाख नगद समेत जलेर नष्ट भएको भनी निवेदन पेश भएकोले सम्बन्धित प्रहरी कार्यालयको तर्फबाट भएको घटना मुचुल्का तथा वडाकार्यालयको सिफारिसको आधारमा चालु आर्थिक वर्ष २०७७/०७८ बजेट संकेत २५७ खर्च शीर्षक नं. २७२१२ क्र.सं. ९९ विपद व्यवस्थापन उपशीर्षकबाट क्षतिपूर्ति तथा राहत स्वरूप रू.१ लाख उपलब्ध गराउने निर्णय गरियो ।

२.९. गोदावरी नगरपालिका वडा नं. ११ वडाकार्यालयमा सि.सि.टि.भी. जडान गरे बापतको रकम भुक्तानीको लागि वडाकार्यालयबाट सिफारिस भई आएकोले खरिद तथा जडान कार्यादेश, बिल भरपाई, जिन्सी दाखिला फाराम लगायतको आवश्यक कागजत पेश भएपछि बिल भरपाई बमोजिमको रकम आर्थिक वर्ष २०७७/०७८ वडास्तरीय सम्बन्धित वडाको मर्मत सम्भार उपशीर्षकबाट बिल भरपाई बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो ।

२.१०. गोदावरी नगरपालिकाको प्रशासनिक कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेकोले सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ९ नियम ९४(१) बमोजिमको प्रक्रिया अपनाईगोदावरी नगरपालिका वडा नं. ११ स्थित ज्ञानबहादुर महर्जनको साविक चापागाउँ वडा नं. ९(क) कित्ता नं. १ क्षेत्रफल ०-७-२-० ललितपुर मालपोत कार्यालयमा रजिष्ट्रेशन दर्ता कायम धनी प्रमाण-पुर्जा भएको जग्गामा बनेको घरको ८६८४.३४ वर्गफिट क्षेत्रफल मध्ये ७००० वर्गफिट क्षेत्रफल नगरपालिकाले प्रशासनिक कार्यालय प्रयोजनका लागि मासिक भाडा रकम रू.१,२५,०००/- (कर समेत) र बार्षिक १०% का दरले भाडा रकममा बृद्धि हुने गरी पहिलो पक्ष गोदावरी नगरपालिका कार्यालय र दोश्रो पक्ष घरधनी ज्ञान बहादुर महर्जनबीच मिति २०७३/१२/१३ मा भाडामा लिन-दिन दुवै पक्षबीच भएको सम्झौता बमोजिम नविकरण हुँदै आएकोमा विभिन्न विषयगत शाखा तथा बैठक हलको लागि थप कोठाहरूको अभाव झेलिरहेको पहिलो पक्ष गोदावरी नगरपालिका कार्यालयले मिति २०७७ आश्वीन महिनादेखि थप तीन तल्लाको ७५०० क्षेत्रफल वर्गफिट प्रयोग गर्ने र सो बापत मासिक रू.१,७७,८००/- का दरले आश्वीन देखि माघसम्म पाँच महिनाको हुन आउने रकम रू.८,८९,०००/- (अक्षरूपी आठ लाख उनानब्बे हजार मात्र) (कर समेत) मासिक भाडा रकम उपलब्ध गराई मिति २०७७ फागुन महिनादेखि साविकमा प्रयोग गर्दै आएको र नयाँ थप तीन तल्ला सहितको १४,५०० बर्गफिट क्षेत्रफल प्रयोग गरे बापत र पुर्व सम्झौताको शर्त नं. २.५ बमोजिम १०% ले बृद्धि हुने रकम समेत गरी मासिक रू.३,३८,७००/- (अक्षरूपी तीनलाख अड्तीस हजार सातसय रूपैया मात्र) मा १०% ले हुने रकम रू.३३,८७०/- मासिक घर बहाल कर कट्टा गरी खुद रू.३,०४,८३०/- (अक्षरूपी तीन लाख चारहजार आठसय तीस रूपैया) मात्र मासिक घर भाडा घरधनी श्री ज्ञानबहादुर महर्जनलाई उपलब्ध गराउने गरी भएको सहमति अनुसार सम्झौता-पत्र संशोधन सहित आगामी मिति २०७८ आषाढ मसान्तसम्मको लागि सम्झौता अवधि म्याद थप तथा नविकरणगर्ने निर्णय गरियो । साथै सो निर्णय अनुमोदनका लागि आठौं नगरसभा समक्ष पेश गर्ने समेत निर्णय गरियो ।

२.११. भूगोल तथा जनसंख्याको आधारमा हरेक स्थानीय तहमा ५ देखि १५ शैⓇया सम्मको आधारभुत अस्पताल स्थापना तथा स्तरोन्नति गर्ने नीति अनुसार यस गोदावरी नगरपालिका वडा नं. ११ साविक चापागाउँ गा.वि.स. वडा नं. ९क कित्ता नं. ५५१ क्षेत्रफल ६ रोपनीमा सञ्चालनमा रहेको बज्रवाराही चापागाउँ अस्पतालाई स्तरोन्नती गरी १५ शैⓇयाको आधारभुत अस्पताल सञ्चालन गर्ने सन्दर्भमा आवश्यक नयाँ अस्पताल भवन निर्माणको शिलान्यास भइसकेकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको

आधारभुत अस्पताल भवन निर्माण सम्बन्धी निर्देशिका र स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्बन्धी (पहिलो शंशोधन) निर्देशिका २०७७बमोजिम अस्पताल निर्माणको लागि कम्तीमा ९ रोपनी क्षेत्रफल हुनुपर्ने भन्ने व्यवस्था रहेकोले सो बज्रवाराही चापागाउँ अस्पतालको उत्तरपूर्व तर्फको साविक चापागाउँ गा.वि.स.वडा नं. ३क-२ कित्ता नं. ४४४ को थप ३.५ रोपनी सार्वजनिक जग्गा समेत समेटी अस्पताल निर्माण सम्पन्न गर्ने गराउने निर्णय गरियो ।

२.१२. विगत मिति २०७६ सालको चैत्र महिनाबाट विश्वब्यापी रूपमा फैलिएको कोरोना भाइरसबाट हुने महामारीको जोखिम न्यूनिकरण गर्नको लागि मिति २०७६ चैत्र १५ गते नगर कार्यपालिकाको बैठक बसी गोदावरी नगरपालिकाको पहलमा स्वास्थ्यकर्मीका साथसाथै स्थानीय सुरक्षाकर्मी समेत खटाई सशक्त रूपमा कन्ट्याक्ट ट्रेसिङ्ग टिम परिचालन गरी जोखिम न्यूनिकरण तथा महामारी नियन्त्रणका लागि नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड अनुरूप आवश्यक कार्यक्रम सञ्चालन गरेको र उक्त कार्यमा खटिने स्वास्थ्यकर्मीहरूलाई खाइपाई आएको तलबको ७५% प्रोत्साहन भत्ता रसुरक्षाकर्मीहरूको हकमा मिति २०७६ चैत्र महिनाबाट २०७७ मंसीर महिनासम्म खटिए बापत मासिक रूपमा एकमुष्ट रू.५,०००/- का दरले ९ महिनाको प्रोत्साहन भत्ता स्वरूप महानगरीय प्रहरी बृत्त चापागाउँलाई रू.४५,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

२.१३. कर्मचारीहरूको कामको व्यस्ततालाई मध्यनजर गर्दै अति आवश्यक हुने कर्मचारीहरूलाई कन्टेन्जेन्सीमा रकम जम्मा भएपछि सवारी साधन (बाइक, स्कुटर) गरिद गर्ने निर्णय गरियो ।

२.१४ २.१२.१ नेपाल सरकार, भूमि सम्बन्धि समस्या समाधान आयोग को च.नं. १२, मिति २०७७/०२/१५ गतेको पत्रानुसार भूमिसम्बन्धि समस्या समाधान आयोग, २०७६ ले भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन, संकलित सूचना व्यवस्थापन प्रणाली र जग्गा नापजाँच विधिबारे आवश्यक कार्यविधिको तयारीका कार्य गरिरहेको र सेटलाईज ईमेज खरिद, डाटा ईन्ट्री एंव व्यवस्थापनको लागि कम्प्यूटर खरिद, तथ्याङ्क संकलन एवं जग्गाको क्षेत्रफल यकिन गर्न परिचालन गर्नुपर्ने कर्मचारी आदिको लागि पर्याप्त बजेट आवश्यक पर्ने हुदाँ सोको प्रयोजनका लागि भूमिहीन एवं अव्यवस्थित बसोबासी व्यवस्थापन शीर्षकमा आफ्नो पालिकाको अनुमानित लगत तथा विवरणका आधारमा आगामी आ.व. २०७७/०७८ मा आवश्यक बजेटको व्यवस्था हुनको लागि निर्देशन भए बमोजिम आ.व. ०७७/०७८ नगरस्तरीय कार्यक्रमको क्रम संख्या (६) संकेत नम्बर २५८ को मर्मत सम्भार खर्च शिर्षकमा विनियोजित रकममध्येबाट भूमिहीन एवं अव्यवस्थित बसोबासी व्यवस्थापन शिर्षकमा ७,००,०००/- बजेट रकमान्तर गर्ने निर्णय गरियो ।

२.१५ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न आवश्यक कार्य अघि बढाउने सन्दर्भमा यस नगरपालिका र आयोग बिच समझदारी पत्रमा सम्झौतामा हस्ताक्षर समेत भईसकेको छ । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धि कार्यविधि, २०७७ को दफा ३ बमोजिमको नगरस्तरीय सहजीकरण समिति र दफा ४ बमोजिमको वडास्तरीय सहजीकरण समितिको गठन गर्ने र ऐ. कार्यविधिको दफा ४ को उपदफा (१) बमोजिम नगरपालिकामा लगत संकलन ईकाई स्थापना गर्ने र ईकाई प्रमुखमा प्रशासन शाखाप्रमुख(अधिकृत सातौं) श्री विष्णुदेवी कडेललाई नियुक्ति गर्ने निर्णय गरियो । साथै ऐ. कार्यविधिको अनुसूची १ बमोजिम यस न.पा मा कर्मचारी अभाव रहेको हुदा यस नगरपालिकामा भूमिसम्बन्धी कार्यक्रम रहन्जेल सम्मका लागि अमिन(चौथो तह) र लगत प्रविष्टिकर्ता(चौथो तह) दैनिक ज्यालादारीमा कामकाज गर्ने गरी नियुक्ति गर्ने र भूमिहीन एवं अव्यवस्थित बसोबासी व्यवस्थापन शिर्षकबाट व्ययभार पर्ने गरि निजहरूलाई चौथो तहका कर्मचारीले पाउने सरहको मासिक पारिश्रमिक उपलब्ध गराने साथै ईकाई प्रमुखले कार्यालय समयभन्दा बाहिर यस काम गर्नुपर्ने भएको हुनाले ईकाई

प्रमुखलाई प्रोत्साहन स्वरूप २०७७ फागुन महिनादेखि मासिकरूपमा तलबको ३५% प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

२.१६. भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धि कार्यविधि, २०७७को अनुसूची-३ बमोजिम भूमिहीन दलित/भूमिहीन सुकुम्बासीले भर्ने निवेदन फाराम र अनुसूची-४ बमोजिम अव्यवस्थित बसोबासीले भर्ने निवेदन फारामहरू निवेदकले भनेबमोजिम लेखी भराउन सहयोग गर्ने गणकहरू, फाराम प्रमाणित गर्ने वडाध्यक्षहरू र रोहवरमा बस्ने वडा सदस्यहरूलाई प्रतिव्यक्ति प्रतिफाराम रू.१०० को दरले भत्ता उपलब्ध गराउने र फाराम रूजु गर्ने वडासचिवहरूलाई फाराम रूजु गरेवापत ५० वटा सम्म फाराम रूजु गरे बापत रू.१०००, १०० वटा सम्म फाराम रूजु गरेबापत रू.२०००, २०० वटा सम्म फाराम रूजु गरेबापत रू.४००० र २०० वटा भन्दा फाराम रूजु गरे बापत रू.५०००/- उपलब्ध गराउने निर्णय गरियो ।

२.१७. यस गोदावरी नगरपालिका वडा नं. २ का वडाध्यक्ष एवं कार्यपालिका सदस्य श्री देवेन्द्र कुमार बस्नेतले यस गोदावरी नगरपालिकाको आर्थिक वर्ष २०६७/०७७ को नगरसभाको निर्णय नं. १० मा नेपाल सरकारको सार्वजनिक निकायबाट सुविधा पाउने निर्वाचित जनप्रतिनिधिले दोहोरो सार्वजनिक निकायबाट सेवा सुविधा लिन नपाउने भन्ने निर्णय बमोजिम निर्वाचित भएदेखि हालसम्म कुनै सुविधा नलिएको र प्रदेश ऐन अनुसार पारिश्रमिक पनि नलिएकोले त्यस्ता वडाध्यक्षको हकमा मासिक रू.१०,०००/- खाजा एवं यातायात खर्च उपलब्ध गराउने निर्णय भएकोमा उक्त निर्णय अनुसार बजेट शीर्षक भने उल्लेख नभएकोले कार्यान्वयन नभएको हुँदा यस गोदावरी नगरपालिकाको आन्तरिक श्रोतबाट निज निर्वाचित भएदेखि हालसम्मको सो खाजा एवं यातायात खर्च बापतको रकमआर्थिक वर्ष २०७७/०७८ बजेट संकेत नं. १० खर्च शीर्षक नं. २११४२ क्र.सं. ९ **पदाधिकारीअन्य सुबिधा** उपशीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।